# आन्तरिक मामिला तथा कानून मन्त्रालय
## प्रदेश नं. ३ हेटौडा, मकवानपुर, नेपाल

## करार सेवा लिने सम्बन्धि सूचना
सूचना प्रकाशित मितिः२०७५/९/१

खाँडादेवी गाउँपालिकाको लागि कानूनी सहजकर्ताको रुपमा देहायको संख्या र योग्यता भएको व्यक्ति करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा आवेदन दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण खाँडादेवी गाउँपालिकाको कार्यालयबाट वा वेवसाइटबाट www.moial.p3 gov.np मा उपलब्ध हुनेछ ।

**१. सूचना नं.४/०७५/७६**

| पद | संख्या |
|---|---|
| कानूनी सहजकर्ता | १ (एक) |

**२. योग्यताः**

(क) नेपाली नागरिक,

(ख) प्रविणता प्रमाणपत्र वा सो सरह उत्तिर्ण गरेको,

(ग) अठार वर्ष उमेर पुरा भई एकाउन्न वर्ष उमेर ननाघेको,

(घ) अन्य प्रचलित कानूनद्धारा अयोग्य नभएको ।

**३. छनौटका आधारहरुः**

(क) शैक्षिक योग्यता

१. कानूनमा स्नातक तह गरेको,

२. कानूनमा स्नातक गरी कानून व्यवसायीको प्रमाण पत्र प्राप्त गरेको,

३. कानून बाहेकको कुनै पनि संकायमा स्नातक उतिर्ण गरेको,

४. प्रविणता प्रमाण पत्र तह वा सो सरह उतिर्ण गरी कानून व्यवसायीको प्रमाणपत्र प्राप्त गरेको ।

(ख) शैक्षिक योग्यताको श्रेणी

(ग) बासिन्दा

१. सम्बन्धित गाउँपालिकाको बासिन्दा,

२. सम्बन्धित जिल्लाको बासिन्दा,

३. सम्बन्धित जिल्ला भन्दा बाहिरको बासिन्दा,

(घ) महिला उम्मेदवारलाई प्राथमिकता ।

(ङ) स्थानीय तहमा काम गरेको महिला उम्मेदवार ।

(च) अन्तवार्ता ।

**४. आवेदन साथ संलग्न गर्नुपर्नेः**

उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम परिषद् वा अन्य निकायमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्ने पर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयम्ले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।

२०७५।९।१

विष्णु प्रसाद त्रिवेदी
प्रमुख प्रशासकीय अधिकृत